निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

मितिः२०८१।०८।०४

प.सं. च.नं./ Ref:

ने.सं. ११४५ कछलागा चतुर्थी

## प्रेस विज्ञप्ति

### स्थानीय तह उपनिर्वाचन, २०८१ मा पर्यवेक्षण गर्न अनुमति दिइएको सम्बन्धमा ।

संवत २०८१ मङ्सिर १६ गते आइतवारका दिन हुने स्थानीय तह उपनिर्वाचनको पर्यवेक्षण गर्न इच्छुक राष्ट्रिय संस्थाहरूलाई स्थानीय तह उपनिर्वाचन निर्देशिका, २०८१ को अनुसूची-६३ बमोजिम मिति २०८१/०७/२६ गतेदेखि मिति २०८१/०७/३० गतेसम्म ५ दिनको समय दिई मिति २०८१/०७/२६ गते आयोगले निवेदन आव्हान गर्ने सम्बन्धी सूचना प्रकाशन गरेको व्यहोरा विदितै छ। तोकिएको अवधिभित्र निवेदन दिने ९ वटा संस्थाहरूलाई स्थानीय तह उपनिर्वाचन निर्देशिका, २०८१ को दफा १९७ बमोजिम स्थानीय तह उपनिर्वाचन, २०८१ को पर्यवेक्षण गर्न अनुमति दिने भनी आयोगबाट मिति २०८१/०८/०४ गते निर्णय भएको छ। जसमा अनुमति प्राप्त संस्थाहरूबाट खटाइने स्थानीय तह उपनिर्वाचन निर्देशिका, २०८१ को दफा १९६ बमोजिम योग्यता पुगेका पर्यवेक्षकहरूको संख्या यकिन गरी सबै स्थानीय तहको पर्यवेक्षण हुने र एक मतदान केन्द्रमा एक संस्थाबाट बढीमा २ जनासम्म पर्यवेक्षक रहने गरी राष्ट्रिय पर्यवेक्षक परिचयपत्र उपलब्ध गराइने भएको छ। त्यसैगरी काठमाण्डौं उपत्यकामा भएका पर्यवेक्षकहरूलाई आयोगको सचिवालयले र जिल्लामा भएका पर्यवेक्षकहरूलाई सम्बन्धित प्रदेश/जिल्ला निर्वाचन कार्यालयहरूले पर्यवेक्षण सम्बन्धी प्रशिक्षण दिने निर्णय भएको छ। पर्यवेक्षण गर्न अनुमति प्राप्त संस्थाहरु देहाय बमोजिम रहेका छन् :

देहाय

| क्र.सं. | संस्थाको नाम |
|---|---|
| १. | नेपाल जन प्रशासन संघ (Public Administration Association of Nepal-PAAN) |
| २. | रेडियम लामिछाने स्मृति अध्ययन तथा अनुसन्धान प्रतिष्ठान (Radium Lamichhane Memorial Research and Study Foundation-RMR Foundation) |
| ३. | नेपाल मानव अधिकार संगठन (Human Rights Organisation of Nepal) |
| ४. | सामाजिक परिचालन तथा चेतना अभिवृद्धि समूह नेपाल (Social Mobilization and Awareness Raising Team Nepal-SMART Nepal) |
| ५. | केन्द्रीय बहिरा क्याम्पस (Central Campus For the Deaf) |
| ६. | सुशासन महासंघ नेपाल (Federation for Good Governance Nepal FEG-Nepal) |
| ७. | राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (National Election Observation Commitee-NEOC) |
| ८. | डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (Democracy Resource Center Nepal) |
| ९. | अनौपचारिक क्षेत्र सेवा केन्द्र (Informal Sector Service Center-INSEC) |

(नीता पोखरेल अर्याल)

सहसचिव एवम् प्रवक्ता